जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २३८ | २०७८ साल बैशाख १२ गते आइतबार (25 Apr. 2021 Sunday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सामाजिक सुरक्षा कोषमा ... ३ पृष्ठमा : संक्रमितले अस्पतालका ... ३ पृष्ठमा :भारतमा एकैदिन साढे ...

# सप्तरीमा कोरोना नियन्त्रणको पूर्वतयारी गरिदै

## आक्सिजनको स्टकका साथै आइसोलेशन कक्ष बनाइदै

**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

छिमेकी मुलुक भारतका साथै नेपालमा पनि कोरोना संक्रमितको संख्या बढ्दै जाँदा सप्तरीमा त्यसको नियन्त्रण तथा रोकथामका लागि पूर्व तयारी सुरु गरिएको छ ।

गत वर्ष कोरोना माहामारीको बेला जिल्लामा अक्सिजनको व्यवस्था थिएन भने अहिले सोको व्यवस्थापन गरिएको छ । यता बन्द रहेका आइसोलेशनहरुको पुनःसंचालन, पिसिआर परिक्षणको दायरा फराकिलो बनाइदै कोरोना नियन्त्रणका लागि पूर्व तयारी थालिएको गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले जानकारी दिएका छन् ।

छिमेकी मुलुक भारतमा संक्रमितहरुको संख्या अत्याधिक बृद्धि हुँदा अक्सिजनको अभाव रहेको र सप्तरीमा समेत यसको प्रभाव पर्न सक्ने कुरालाई ध्यानमा राखी शनिबार मात्र इटहरीबाट ८५ सिलिन्डर अक्सिजन झिकाइएको र थप अक्सिजनका लागि समेत आवश्यक पहल थालिएको उनको भनाइ छ ।

सीमावर्ती नाकासँग टासिएको यस जिल्लामा दैनिक रुपमा भारतबाट आउनेहरुको संख्या बढ्दो छ । हालसम्म जिल्लामा एक महिनाको अवधीमा कोरोना संक्रमितको संख्या १२ पुगेको छ । संक्रमित १२ मध्ये एक स्वास्थ्यकर्मी र दुई कर्मचारी समेत रहेका छन् ।

संक्रमित १२ जनै हाल होमआइसोलेशनमा रहेको र थप संक्रमित भेटिन सक्ने कुरालाई मध्यनजर गरि पिसिआर परिक्षणको समय पनि बढाइएको छ । हाल सोमबार र बिहीबार गरि साताको दुई दिनमात्र परिक्षण हुँदै आएकोमा अबको दुई/तिन दिनपछि एक दिनको अन्तरालमा परिक्षणको व्यवस्था मिलाउन लागिएको डा. झाले बताए ।

यसैगरि हाल बन्द अवस्थामा रहेका जिल्लाका आइसोलेशन केन्द्रहरुलाई समेत पुनः संचालनका लागि तयारी सुरु गरिएको छ । जिल्लाका पाँच आइसोलेशन केन्द्र मध्ये राजविराजस्थित साइकृष्णा मेडिकल कलेजमा तत्काल २५ शैयाको आइसोलेशन तयारी अवस्थामा रहेकोमा अबको केही दिन भित्रै गजेन्द्र नारायण सिंह अस्पतालमा पनि २५ शैयाकै आइसोलेशन सेवा सुरु हुने उनले जानकारी दिए ।

सप्तरीमा हालसम्म कोरोनाबाट ज्यान गुमाउनेको संख्या ४१ पुगेको छ । यता जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा कोरोना भाइरसको संक्रमण फैलिन नदिन स्वास्थ्य निर्देशनहरुलाई कडाईका साथ पालना गर्न सर्वसाधारणलाई आग्रह गरिएको छ ।

# कोरोना त्रासका बीच स्वमसेवक सम्मेलन



**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**

कोरोना संक्रमणको त्रासका बीच राजविराजमा शनिबार भौतिक दुरी कायम तथा मास्कको अनिवार्य प्रयोग गरि हिन्दु स्वयमसेवक संघ नेपाल सप्तरीले स्वमसेवक सम्मेलन सम्पन्न गरेको छ ।

स्थानिय राजरंगशालामा २ सय जनाको सहभागितामा एक दिने स्वयमसेवक सम्मेलन तथा पथ संचलन कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रममा जनजाती कल्याण आश्रमका राष्ट्रिय महासचिव प्रेम थुलुङले देशमा

*बाँकी अन्तिम पृष्ठमा*

# पूर्वराजा अस्पताल भर्ना

काठमाडौं, ११ वैशाख (रासस) ।

पूर्वराजा ज्ञानेन्द्र शाह र पूर्वरानी कोमलराज्यलक्ष्मी शाह थापाथलीस्थित नर्भिक अस्पतालमा भर्ना हुनुभएको छ ।


छोरी प्रेरणा शाहसहित उहाँहरु शनिबार दिउँसो १ बजे अस्पतालमा भर्ना हुनुभएको अस्पतालका कर्पोरेट कम्युनिकेशन प्रमुख सोमनाथ बाँस्तोलाले जानकारी दिनुभयो ।

उहाँका अनुसार कोभिड-१९ को उपचारका लागि उहाँहरु भर्ना हुनुभएको हो । केही दिनअघि भारतको हरिद्वारबाट फर्किएपछि स्वाब परीक्षणका क्रममा पूर्वराजा र रानीमा कोरोना सङ्क्रमण देखिएको थियो । कर्पोरेट कम्युनिकेशन बाँस्तोलाले उहाँहरु तीनै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको बताउनुभयो ।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## सम्पादकीय ....

### धुमपानमा प्रयोगकर्तामा बृद्धि

नेपाल सरकारलाई सबैभन्दा बढी राजश्व आउने मध्ये एक शिर्षक सुर्तीजन्य पदार्थ पनि हो । सुर्तीजन्य पदार्थले मानिसहरुको स्वास्थ्यमा असर गर्ने कुरा सर्वविदितै छ । हरेक वर्ष धुमपानमा मुल्य बृद्धि भएसँगै त्यसको प्रयोगकर्ता पनि बृद्धि हुँदै गएको छ । धुमपान स्वास्थ्यको लागि हानिकारक हो, भन्ने कुरा सबैले जानी राखेपनि यसको प्रयोगकर्तामा बृद्धि हुनु कुनै नौलो होइन् । किन भने कुनै पनि चाडपर्व, कोही खुशी हुँदा भने कोही दुःखी हुँदाको क्षण त साथीभाईसँग भेटघाट हुँदा लगायतका समयमा धुमपान प्रयोग भएकै हुन्छ ।

यूवा वर्ग यसप्रति अहिले निकै आकर्षित हुदैछन् । बृद्धबृद्धाहरु यसलाई खास बेलामा प्रयोग गर्छन भने विद्यालयपछि कलेज पढ्ने विद्यार्थीहरु धुमपानलाई फैसनको रुपमा प्रयोग गर्ने गरेका छन् । जसकारण उनीहरुलाई यसको बानी नै परिसकेको छ । क्याम्पस जानु अघि उनीहरु चुरोट तान्दै जाने गरेको प्रसस्त रुपमा देखिन्छन् ।

तसर्थ यसको न्युनिकरणको साटो झनै प्रयोगकर्ताहरुको संख्यामा बृद्धि हुनु भनेको कानुन कार्यान्वयनमा फितलो हुनु हो । धुम्रपान उत्पादन कम्पनीलाई राज्यले रोक लगाउन नसकेपनि यसको न्युनिकरणका लागि कुनै ठोस नीति, नियम र कानुनमा कडाई गर्नु आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गर्नौ ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने दुई लाख नाघे

काठमाडौं, ११ वैशाख (रासस) ।

'नयाँ युगको शुभारम्भ'का रूपमा सरकारले ल्याएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा दुई लाख श्रमिक सूचीकृत भएका छन् । योजना कार्यान्वयनमा आएको झण्डै दुई वर्षको अवधिमा सामाजिक सुरक्षा कोषमा शुक्रबारसम्म दुई लाख १२ योगदानकर्ता सूचीकृत भएका हुन् ।

कोषका अनुसार हालसम्म १३ हजार ७६५ रोजगारदाता आबद्ध भएका छन् । सबैभन्दा बढी वाग्मती प्रदेशमा एक लाख ४९ हजार ६१४, प्रदेश नं १ मा २० हजार ४३३, प्रदेश नं २ मा १४ हजार ३१७, गण्डकीमा सात हजार १४२, लुम्बिनीमा सात हजार ११३, सुदुरपश्चिममा ८१४ र कर्णालीमा ५२१ सूचीकृत भएका छन् ।

वाग्मती प्रदेशबाट आठ हजार २०४, प्रदेश नं १ बाट एक हजार ४३३, लुम्बिनी प्रदेशबाट एक हजार २२०, गण्डकीबाट ६१८, प्रदेश नं २ बाट ५६०, सुदुरपश्चिमबाट १६८ र कर्णाली प्रदेशबाट १४७ रोजगारदाता कोषमा सूचीकृत भएका छन् । कोषमा शुक्रबारसम्म रु पाँच अर्ब २७ करोड ७४ लाख ७७ हजार ९३८ योगदान सङ्कलन भएको छ । कोषले सोही अवधिसम्म दुई हजार १८ लाभग्राहीलाई रु छ करोड ९८ लाख दाबी भुक्तानी गरेको छ ।

कोषका प्रवक्ता विवेक पन्थी योजनामा आबद्ध हुने योगदानकर्ता र रोजगारताको सङ्ख्या बिस्तारै बढ्दै गएको बताउनुहुन्छ । औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन कोष लागि परेको उहाँको भनाइ छ ।

कोषले ल्याएका विभिन्न योजनाप्रति योगदानकर्ताको आकर्षण बढाउन केही योजनाको परिमार्जन गरिएको छ । नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोषजस्ता निकायले बचतकर्तालाई दिएका सुविधा सामाजिक सुरक्षा कोषले पनि कार्यान्वयनमा ल्याएको छ । सूचीकृत योगदानकर्ताले कोषबाट विशेष सापटी, शैक्षिक कर्जा, आवाश कर्जालगायत सुविधा पाउनेछन् ।

सरकारले २०७४ मङ्सिर ११ गते सामाजिक सुरक्षा योजनाको शुभारम्भ गरेको थियो । उक्त योजना २०७६ साउनदेखि कार्यान्वयनमा आएको छ । कोषले सबै क्षेत्रका श्रमिकलाई आबद्ध गराउन सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ दुई पटक संशोधन गरेर योगदानकर्तामैत्री बनाउँदै लगेको छ ।

कोषले वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत योगदानकर्ताको आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत रकमलाई निवृत्तिभरण योजनामा २० प्रतिशत र अवकाश सुविधा योजनामा ८.३३ प्रतिशत रकम जम्मा हुने व्यवस्था मिलाएको छ । आगामी असार मसान्तभित्र योगदान शुरु गर्ने योगदानकर्ताले चाहेमा निवृत्तिभरणअन्तर्गत हुन आउने २० प्रतिशत रकम अवकाश सुविधा योजना हस्तान्तरण गर्न सक्ने गरी कार्यविधि संशोधन गरिएको छ । अवकाश सुविधा योजनामा जम्मा भएको रकम अवकाश हुँदा वा जागिरबाट अलग हुँदा निकाल्न पाउने तथा ८० प्रतिशतसम्म विशेष सापटीका रूपमा योगदानकर्ताले लिन सक्नेछन् ।

कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले रोजगारदाता, श्रमिक र सरोकारवालासमेतको सुझावलाई समेटी वित्तीय दीगोपनाको पक्षसमेतलाई ध्यानमा राख्दै योजनालाई समयसापेक्ष र योगदानकर्तामैत्री हुने गरी कार्यविधिको दोस्रो संशोधन गरिएको बताउनुभयो ।

"निवृत्तभरणलगायत कार्यान्वयनमा आउन समय लाग्ने अन्य योजनालाई थप प्रभावकारी बनाउन कोष प्रयत्नरत छ", उहाँले भन्नुभयो । कोषले सूचीकृत हुन बाँकी सम्पूर्ण निजी तथा सङ्गठित संस्थालाई आगामी असार मसान्तसम्म सूचीकरण गरी सामाजिक सुरक्षा योजना सञ्चालन कार्याविधि, २०७५ को दोस्रो संशोधनले दिएका सुविधा उपयोग गर्न आह्वानसमेत गरेको छ ।

**सरकारको उदासीनता र रोजगारदाताको अनइच्छाले निराशाजनक**

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजाअनुसार नेपालमा नौ लाख २३ हजारभन्दा बढी औद्योगिक प्रतिष्ठान सञ्चालनमा छन् । ती प्रतिष्ठानमा ३२ लाख २८ हजारभन्दा बढी श्रमिक आबद्ध रहेका छन् । हालसम्म सामाजिक सुरक्षा कोषमा सूचीकृत योगदानकर्ता र रोजगारदाताको सङ्ख्या हेर्दा यो अत्यन्त न्यून हो ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिङ्खडा सरकारको उदासीनता र रोजगारदाताको अनइच्छाका कारण सामाजिक सुरक्षा योजना पूर्णकार्यान्वयनमा हुनेमा शङ्का व्यक्त गर्नुहुन्छ । "आर्थिक गणनाले झण्डै नौ लाख प्रतिष्ठान र ३२ लाख बढी श्रमिक कार्यरत रहेको भन्छ, तर झण्डै तीन वर्षको अवधिमा कोषमा जम्मा दुई लाख श्रमिक र १३ हजार रोजगारदता आबद्ध भएका छन्, यो निकै न्यून हो", उहाँले भन्नुभयो, "यसबाट के पुष्टि हुन्छ भने ऐन बनाएर सरकारले दरिलोसँग कार्यान्वयन गरेन ।"

ट्रेड युनियनले जहिले पनि सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्न दबाब सिर्जना गरिरहेको उहाँको जिकिर छ । "हामीले सरकार र रोजगारदातालाई खबरदारी गरिरहेका छौं, रोजगारदाताका प्रतिनिधिसँग पनि नियमित सम्वादमा छौं, तर परिणाम देखिन सकेको छैन", श्रम ऐनले प्रत्याभूत गरेका अधिकार प्राप्तिका लागि फेरी पनि सडकमा आउनुपर्ने बाध्यताप्रति लक्षित गर्दै उहाँले भन्नुभयो ।

# धरहरा निर्माणले मानिसमा खुशीको अनुभव : प्रधानमन्त्री ओली

काठमाडौं, ११ वैशाख (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालीको भावना र गौरव, अतीत र इतिहास जोडिएको धरहरा निर्माण सम्पन्न हुँदा खुशी अनुभव भएको बताउनुभएको छ ।

छ वर्षअघिको भूकम्पले भत्किएको धरहरा नजिकै बाहिरी आवरण उस्तै देखिने धरहरा निर्माणपछि शनिबार आयोजित उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले इतिहाससँग जोडिएको ऐतिहासिकस्थल पुनःनिर्माण हुनु देशकै लागि गौरवको विषय भएको बताउनुभयो ।

"इतिहास झल्कने, आधुनिकता टल्कने गरी धरहरा पुनःनिर्माण भएको छ, सुन्दर, आकर्षक र मजबुत धरहरा चढ्दा आइफल टावर चढेजस्तै अनुभव भयो, आइफल टावरमा जस्तै हावा धरहराको २०औं तलामा आएको छ, यो काठमाडौं र नेपालको परिचयका रुपमा विश्वमा चिनिने छ, मैले २०७२ फागुन ४ गते म बनाउँछु, मेरो धरहरा अभियान चलाएको थिएँ, त्यसअनुरुप यो निर्माण हुन नसके पनि बन्दा सबैलाई खुशी लागेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

म बनाउँछु, मेरो धरहरा अभियानअन्तर्गत रु २४ करोड जम्मा भएको पनि उहाँले कार्यक्रममा सुनाउनुभयो । धरहरा ढल्दा हामीलाई आफैं ढले जस्तो र ठडिँदा हामी बौरिए उठेजस्तो अनुभव भएको धेरैले सुनाउने गरेको प्रधानमन्त्री ओलीले बताउनुभयो । आधुनिक सामग्री प्रयोग गरेर नभत्किने खालको धरहरा निर्माण भएको जानकारी कार्यक्रममा गराइएको थियो ।

विसं २०७२ वैशाख १२ गते धरहरा ढलेर निधन भएका ६० जनाको परिवारका एक⁄एक जना सदस्यलाई धरहरा परिसरमा निर्मित संरचनाका लागि आवश्यक जनशक्तिका रुपमा रोजगारी दिने घोषणा पनि प्रधानमन्त्री ओलीले गर्नुभएको छ । धरहरा क्षेत्रमा मिल्ने रोजगारी नभएमा अन्यत्र पनि मृतकका परिवारलाई प्राथमिकताका साथ रोजगारी दिने उहाँको प्रतिबद्धता छ ।

"विसं २०७८ मा राजधानीका सडकलाई सहयोगापेक्षी, बालबालिका र भिखारीमुक्त हुने गरी स्थापित गर्न लागिएको छ, अब कोही अलपत्र हुन्न, सरकारले अभिभावकत्व लिन्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

खनिज एवं प्राकृतिक सम्पदालेयुक्त नेपाललाई सम्पन्न र दाता राष्ट्रका रुपमा अघि बढाउने योजनामा सरकार लागेको उहाँको भनाइ थियो । मोबाइल, कम्प्युटर, टेलिभिजनजस्ता

*बाँकी अन्तिम पृष्ठमा*

# भूमिहीनको लगत संकलन कार्य शुरु

**दैनिक समाचारदाता**
**राजविराज, ११ वैशाख ।**

जिल्लामा भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भएपछि लामो समयदेखि जग्गा जमिन नभएका भूमिहीनको लगत संकलन गर्ने कार्य शुरु गरिएको छ ।

सप्तरीका १८ वटै स्थानीय तहमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेको लगत संकलन कार्य शुरु गरिएको भूमिसम्बन्धी समस्या समाधान आयोगका जिल्ला अध्यक्ष देवनारायण चौधरीले जानकारी दिएका छन् ।

उनका अनुसार अहिले यहाँका स्थानीय तहमा आयोगका पदाधिकारी खटिएर लगत संकलन तथा छलफल कार्य गरिरहेका छन् । आयोगका पदाधिकारीले आफैं स्थानीय तहमा गएर यहाँका नगरपालिका तथा गाउँपालिका पदाधिकारी, वडा सचिव र कम्प्युटर विज्ञलाई राखेर लगत सङ्कलन कार्य गर्न शुरु गरिएको उनको भनाइ छ ।

यसैगरी आयोगले यहाँका भूमिहीनलाई आफ्ना समस्याका विषयमा जानकारी दिन पनि आग्रह गरेको छ । अब भूमिसम्बन्धी समस्या समाधान आयोगसम्म पीडित धाउनु नपर्ने तथा आफ्नो पालिकाको वडाबाटै सबै विवरण भरेर आयोगको कार्यालयमा पठाउने व्यवस्था पनि मिलाइएको छ । सङ्ख्या आधिकारिक नभए पनि कम्तीमा पनि ४० हजारको हाराहारीमा हुनसक्ने अनुमान आयोगका पदाधिकारीले गरेका छन् ।

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# संक्रमितले अस्पतालका शैया भरिन थाले

काठमाडौँ, ११ वैशाख (रासस)।

कोभिड-१९ को सङ्क्रमणले गर्दा उपत्यकाका अस्पतालका रहेका शचया भरिन थालेका छन् । दैनिक सङ्क्रमितको सङ्ख्या बढ्न थालेपछि शचया भरिन थालेका हुन् । यही वैशाख ३ गते ९०० सङ्क्रमित भेटिएकामा वैशाख १० गते करीब तीनगुणा दुई हजार ५५९ जना पुगेका थियो । चिकित्सकका अनुसार अहिले नेपालमा १२.३ प्रतिशत सङ्क्रमण दर रहेको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग, वीर, पाटन ,त्रिवि शिक्षण र सशस्त्र प्रहरी बल अस्पतालमा कोराना सङ्ृ क्रमितले अस्पतालका शचया भरिदै गएको छ । शुक्रराज अस्पतालका २२ सघन उपचार कक्षमध्ये २० र १२ भेन्टिलेटर सङ्क्रमितले भरिएको अस्पतालका निर्देशक डा सागर राजभण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार ५५ आइसोलेशन शचया पनि भरिएका छन् । दैनिक आठ-नौ जना उपचारपछि घर गएपनि त्यतिकै सङ्ख्यामा बिरामी आउने उहाँको भनाइ छ । उहाँले अस्पतालमा सङ्क्रमितबाट निमोनिया लागेका बिरामीलाई मात्र भर्ना गरेको जानकारी दिनुभयो । “हामीले सामान्य ज्वरो, रुघाखोकी, जिउ दुख्ने खालका बिरामीलाई भर्ना गर्ने गरेका छैनौँ”, उहाँले भन्नुभयो, “अलि जटिल खालका निमोनिया र अक्सिजन दिनुपर्ने बिरामीलाई मात्र भर्ना गरेका छौँ ।”

उहाँले सङ्क्रमित बढ्न थालेपछि विनाकारण घरबाट ननिस्कन र निस्कनै परे मास्क, सेनिटाइजर र भौतिक दूरी कायम गर्न पनि आग्रह गर्नुभयो । अहिलेको कोभिड-१९ को भाइरस युके भेरियन्ट र डलब भेरियन्ट रहेकोले सङ्क्रमण सार्नसक्ने अत्यधिक क्षमता रहेको छ ।

अहिलेको कोभिड-१९ को नयाँ स्वरुपले एक जनाबाट एक घण्टामा ६०-७० जनामा सङ्क्रमण सार्न सक्छ । उहाँले सङ्क्रमण नियन्त्रण बाहिर जान थालेको सर्वसाधारण आफैँ सचेत हुनुपर्ने भनाइ राख्नुभयो । “अहिलेको भाइरसले सङ्क्रमण लागेको चार-पाँच दिनमा नै आक्रमण गर्ने खालको छ”, उहाँले भन्नुभयो, “अहिले ५० वर्षमुनिका मानिसलाई पनि बढी सङ्क्रामक देखिएको छ ।”

यस्तै वीर अस्पतालमा पनि कोभिड-१९ का बिरामीलाई छुटचाइएको शचया भरिन थालेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार अहिले उपत्यकामा अहिले ७७ जना सघन उपचार कक्षमा र ४० जना भेन्टिलेटरमा उपचार गराइरहेका छन् ।

मुलुकभरि एक हजार १८० सघन उपचार कक्ष र ५१२ भेन्टिलेटर रहेका छन् । तीमध्ये १७३ जना सघन उपचार कक्ष र ५७ जना भेन्टिलेटरमा सङ्क्रमितको उपचार भइरहेको छ । वीर अस्पतालका कोभिड-१९ सम्पर्क व्यक्ति डा अच्युत कार्कीले १७ मध्ये १५ सघन उपचार कक्ष शचया, पाँच भेन्टिलेटर पूरै भरिएको बताउनुभयो ।

सशस्त्र प्रहरी बल अस्पताल, बलम्बुमा कोरानाका बिरामीले भरिएका छन् । अस्पतालका कोभिड-१९ फोकल पर्सन डा प्रविन नेपालले १०० शचयामध्ये सबै भरिएको जानकारी दिनुभयो । उहाँका अनुसार सङ्क्रमित बढ्दै गएपछि अस्पतालले शनिबार थप ४० शचया थप गर्न थालेको हो । यस्तै २० मध्ये १८ सघन उपचार कक्ष र आठमध्ये सात भेन्टिलेटर पनि सङ्क्रमित रहेको उहाँले जानकारी दिनुभयो ।

उहाँले अस्पतालमा भर्ना भएका बिरामी श्वास फेर्न गाह्रो, ज्वरो, छाती दुख्ने, निमोनिया जस्ता समस्या रहेकाले ६० प्रतिशतलाई अक्सिजनलाई दिनु परेको जानकारी दिनुभयो । अस्पतालमा आएका बिरामीमध्ये अधिकांश ४०-५० उमेर समूहका बिरामी रहेका छन् ।

यस्तै वीरमा ७६ आइसोलेशनमध्ये ६६ वटा सङ्क्रमित रहेका छन् । उहाँले दैनिक आठ-नौ वटा नयाँ बिरामी आउने गरेको भन्दै दैनिक सङ्क्रमित थपिँदै गए आफूले बिरामीलाई राख्न नसक्ने बताउनुभयो । उहाँले सानो ठाउँ भएकाले उपचार गराउन आउने बिरामी र खोप लगाउन आउने व्यक्तिमा सामाजिक दूरी कायम राख्न नसकेको जानकारी दिनुभयो । सङ्क्रमित बढ्न थालेपछि वीरले नजिकैको सर्जिकल भवनमा अबको केही दिनमा कोभिड-१९ का बिरामी राख्ने तयारी गरेको उहाँको भनाइ छ ।

त्रिवि अस्पतालका निर्देशक डा. दिनेश काफ्लेले ५५ जना सङ्क्रमित उपचार भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार १२ जना आइसियु, ५ जना भन्टिलेटरमा र ३८ जना हाइ डिपेन्टिेन्ड युनिट (एचडियु)मा उपचार भइरहेको छ । अस्पतालमा ६० आइसियू र ५० एचडियू रहेका छन । उहाँले बिरामीलाई शुरुमा अब्जर्वेशन गरी राख्ने र समस्या देखिए आवश्यकता अनुसार आइसियू, एचडियू र भेन्टिलेटरमा राखिने बताउनुभयो । अस्पतालले आइसियुमा एक जना नर्सले एक जना बिरामी र एचडियुमा एक जना नर्सले दुई जनासम्म बिरामी हेर्ने व्यवस्था मिलाएको छ । उहाँले सङ्क्रमित संख्या बढ्ने भएको ५०

***बाँकी अन्तिम पृष्ठमा***

# ‘कोरोनाका कारण पर्यटन र चलचित्र क्षेत्र संकटमा’

काठमाडौँ, ११ वैशाख (रासस)।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले कोरोनाका कारण पर्यटन र चलचित्र क्षेत्र सङ्कटमा परेको बताउनुभएको छ ।

द स्काइ मुभिज प्रालि र उमा फिल्मस् प्रालिले संयुक्त रूपमा निर्माण गरेको ‘त्यो तिम्रो चोखो प्रेमको नजर...’ म्यूजिक भिडियोको शुक्रबार यहाँ सार्वजनिक गर्दै उहाँले पर्यटन र चलचित्र क्षेत्र कोरोनाका कारण नराम्ररी प्रभावित हुन पुगेको बताउनुभएको हो । “तङ्ग्रीन लागेको पर्यटन र चलचित्र क्षेत्र फेरी कोरोनाको मारमा परेको छ, पर्यटन र चलचित्र क्षेत्रमा परेको समस्या समाधानका लागि महासङ्घले पहल गर्छ”, उहाँले भन्नुभयो ।

नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालले स्वास्थ्य मापदण्डलाई पालना गर्दै चलचित्र क्षेत्रलाई अगाडि बढाउन सरकारले विशेष योजना ल्याउनुपर्ने बताउनुभयो । विगत १४ महिनादेखि नेपालको चलचित्र क्षेत्र अस्तव्यस्त बन्दै गएको उहाँको भनाइ थियो ।

नेपाल चलचित्र निर्माता सङ्घका अध्यक्ष एवं शुक्रबार सार्वजनिक भएको म्युजिक भिडियोका निर्माता आकाश अधिकारीले सरकारले नेपाली चलचित्र क्षेत्रको विकासका लागि वार्षिकरूपमा विशेष कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घ, चलचित्र क्षेत्रका संयोजकसमेत रहनुभएका अधिकारीले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियकरण गर्न पहल गर्नुपर्ने उल्लेख गर्नुभयो ।

चलचित्र सङ्घका अध्यक्ष मधुसुदन प्रधान, नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गर्भनर चिन्तामणि सापकोटा, उमा फिल्मस् प्रालिका अध्यक्ष उमा गिरी, नेपाली सेनाका मेजर डीबी खड्कालगायतले राष्ट्रप्रति आस्था र योगदान झल्केको उक्त म्यूजिक भिडियोलाई राष्ट्रिय महत्वको गीतमा समावेश गर्नुपर्ने बताउनुभएको थियो । चलचित्र र पर्यटन क्षेत्रलाई जोडेर निर्माण गरिएको उक्त देशभक्ति गीत राराताल वरपर छायाङ्कन गरिएको थियो ।






# विश्व समाचार

## भारतमा एकैदिन साढे तीन लाख सङ्क्रमित

नयाँ दिल्ली, ११ वैशाख (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट एकैदिन सङ्क्रमित भएकाको सङ्ख्या साढे तीन लाख पुग्न लागेको छ । सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४७ हजार ७८६ जना सङ्क्रमित भएका हुन् । यो सङ्ख्या कोरोनाभाइरसको महामारी शुरु भएदेखिकै सबैभन्दा धेरै भएको पनि अधिकारीले जनाएका छन् ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अधिकारीले पछिल्लो एक दिनमा दुई हजार ६२४ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरेका छन् । योसँगै भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल एक लाख ८९ हजार ५४४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । भारतमा अहिलेसम्म कुल एक करोड ६६ लाख १० हजार ४८१ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको पाइएको छ । कुल सङ्क्रमितमध्ये २५ लाख ५२ हजार ९४० जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको मन्त्रालयको तथ्याङ्क छ । त्यसैगरी अहिलेसम्म एक करोड ३८ लाख ६७ हजार ९९७ जना सङ्क्रमणमुक्त भइसकेका छन् । तीमध्ये दुई लाख १९ हजार ८३८ जना पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएका हुन् । भारतमा गत जनवरी १६ देखि कोरोनाभाइरस विरुद्धको खोप अभियान चलिरहेपनि भाइरसबाट सङ्क्रमित र मृतकको सङ्ख्यामा दिन प्रतिदिन बृद्धि हुँदै गएको छ ।

## ब्राजिलमा कोभिडबाट शुक्रबार करिब तीन हजार जनाको मृत्यु

साओ पाओलो, ११ वैशाख (रासस/सिन्ह्वा)।

ब्राजिलमा गएको २४ घण्टा यता कोभिड-१९को सङ्क्रमणबाट यहाँका करिब तीन हजार नागरिकको मृत्यु भएको छ । ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार शुक्रबार मात्र यहाँ अघिल्लो २४ घन्टामा कोभिड-१९ को सङ्क्रमणमा परेका यहाँका दुई हजार ९१४ जनाको एकै दिनमा ज्यान गएको हो । योसँगै ब्राजिलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको संख्या तीन लाख ८६ हजारभन्दा बढी पुगेको पनि सो मन्त्रालयले दिएको समाचारमा जनाइएको छ ।

त्यसैगरी सोही अवधीमा थप ६९ हजारभन्दा बढीमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ । कोरोना भाइरसको सङ्क्रमण शुरु भएबाट ब्राजिलमा हालसम्म एक करोड ४२ लाख ३७ हजार जनाभन्दा बढीमा सो सङ्क्रमण भएको बताइएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय ब्राजिलमा कोरोना भाइरसको नयाँ प्रजातिको भाइरसका साथै नयाँ नयाँ वेभ आइरहेका छन् । अस्पतालले बिरामीको चाप थेग्न नसकेपछि उपचारमा समस्या भएको जनाएका छन् । यस देशमा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित राज्यका रुपमा साओ पाओलो रहेको छ । साओ पाओलोमा मात्र ९२ हजारभन्दा बढी नागरिकको ज्यान गएको छ । त्यसैगरी सो राज्यमा करिब २९ लाख नागरिक कारोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

## जापानमा सङ्कटकालको घोषणापछि थप त्रास

टोकियो, ११ वैशाख (रासस/सिन्ह्वा)।

जापानका प्रधानमन्त्री योशिहिदे सुगाले कोभिड-१९ भाइरसको महामारी तीव्ररुपमा फैलिएपछि फेरी पनि सङ्कटकालको घोषणा गर्नुभएको छ । प्रधानममन्त्री सुगाले शुक्रबार जापानको राजधानी टोकियोसहितका क्षेत्रमा फेरी सङ्कटकालको घोषणा गर्नुभएको अधिकारीले जानकारी दिएका छन् । उहाँले जापानको राजधानी टोकियो र अरु केही पश्चिमी प्रान्त ओशाका, क्योटो र ह्योगोमा सङ्कटकालको घोषणा गर्नुभएको थियो । शुरुका महिनामा यहाँ यो महामारी फैलिएको थिएन । प्रभावकारीरुपमा जापानमा महामारीको नियन्त्रण भइरहेको बताइएको थियो । पछिल्लो समयमा कोरोना भाइरसको नयाँ प्रजातिको जीवाणु देखिएपछि भने यहाँ महामारी तीव्र बन्दै गएको बताइएको छ । यो महामारी थप नफैलियोस भन्ने उद्देश्यले यहाँ सङ्कटकाल घोषणा गरिएको अधिकारीले जानकारी दिएका छन् ।

प्रधानमन्त्री सुगाले अहिले हिजो घोषणा गर्नुभएको सङ्कटकाल आगामी मे ११ सम्म लागु हुने बताइएको छ । यहाँ सङ्कटकालको घोषणा भएपछि बार तथा रेस्टुरेन्टलाई मादक पदार्थ बिक्रीवितरण नगर्न कडाप्रतिवन्ध लगाइएको छ भने ठूला व्यावसायिक प्रतिष्ठान पनि बन्द हुनेछन् । दोस्रो पटक पनि यहाँ सङ्कटकालको घोषणा भएपछि यहाँका मानिसमा थप त्रास फैलिएको बताइएको छ ।

## साइप्रसमा फेरी लकडाउन लगाइने

निकोसिया, ११ वैशाख (रासस/सिन्ह्वा)।

कोरोनाभाइरसको महामारीबाट अति प्रभावित मुलुक साइप्रसमा फेरी लकडाउन लागु हुने भएको छ । सरकारले अहिले फेरी घोषणा गरेको लकडाउन यही अप्रिल २६ तारिखदेखि लागु हुने पनि अधिकारीले जानकारी दिएका छन् । कोरोनाभाइरसको महामारी फेरी तीव्ररुपमा फैलिएर धेरै मानिस सङ्क्रमित हुने र धेरैको मृत्यु हुने गरेकाले फेरी लकडाउन लगाउनु परेको उनीहरुको भनाइ छ ।

खाद्य तथा पेय पदार्थ विक्रीवितरण गर्ने पसललगायत सबै व्यवसायीकस्थल तथा कार्यालय बन्द गरिने निर्णय भएको एक मन्त्रीले जानकारी दिएका छन् । त्यसैगरी होटल, रेस्टुरेन्ट, वार, क्याफे, सैलुन, व्युटिपार्लर, जिम तथा डान्स स्कुल पनि बन्द गर्ने निर्णय भएको उहाँले बताउनुभयो । स्थानीय समयानुसार राति ९ बजेदेखि विहान ०५ बजेसम्म कर्फ्युसमेत लागु हुने अधिकारीले जानकारी दिएका छन् । लकडाउनको बेलामा थियटर र चलचित्र घरसमेत बन्द गरिने भएको छ ।

भीडभाड गर्न तथा भेला हुन प्रतिवन्ध लगाउन थालिएको छ भने कतै हिड्नुपर्नेमा अत्यावश्यक परेकालाई मात्रै अनुमति दिइने भएको छ । कामदारलाई सकेसम्म निवासबाटै काम गर्न वा काम गर्ने ठाउँमै बस्न प्रोत्साहन गर्ने नीति सरकारले लिएको छ ।

# तिर्थयात्री बोकेको बस दुर्घटना हुँदा एकको मृत्यु, २२ घाइते



**दैनिक समाचारदाता राजविराज, ११ बैशाख ।**
हलेसी दर्शन गरी सप्तरी फर्किदै गरेको बस खोटाङ जिल्लाको हलेसीतुवाचुङ नगरपालिका १ कदुवा स्थित मध्ये पहाडी लोकमार्गमा शनिबार बिहान दुर्घटनामा परेको छ ।

सो दुर्घटनामा बसका सह-चालक सिन्धुली घ्याङलेक गाऊपालिका १ का २५ बर्षीय अनिल तामाङको घटनास्थलमा मृत्यु भएको हो ।

चालक सहित ३९ जना यात्री बोकेको बा.३ख. ९२८५ नम्बरको बस आफै अनियन्त्रित भई सडकबाट अन्दाजी १५ मिटर तल्लो सडकमा खसी दुर्घटना हुँदा २२ जना घाईते र १६ जना सामान्य घाईते भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा सप्तरीको कञ्चनरुप नगरपालिका-१२ का ३८ वर्षीय रमा नेपाल, १४ वर्षीय निश्चल नेपाल, कोपिला नेपाल, ७५ वर्षीय सिता नेपाल, ४१ वर्षीय प्रमिला सुरखेती, सन्तलक्ष्मी बस्तिहर, ४२ वर्षीय होम श्रेष्ठ, १५ वर्षीय रमा श्रेष्ठ घाइते भएका छन् ।

यस्तै बसका चालक ४२ वर्षीय रबिन्द्र ठकुरी, १५ वर्षीय प्रजिता नेपाल, ३५ वर्षीय गीता श्रेष्ठ, ४० वर्षीय विमला पोखरेल, ३८ वर्षीय उर्मिला श्रेष्ठ, ६० वर्षीय लिला श्रेष्ठ, ५५ वर्षीय सुद्धीदेवी महतो, १८ वर्षीय सरिता श्रेष्ठ, ४० वर्षीय भिमा विश्वकर्मा, ६० वर्षीय कुलमान विश्वकर्मा, ३२ वर्षीय दिनेश गहतराज, ४१ वर्षीय प्रमिला श्रेष्ठ, ५० वर्षीय टेक श्रेष्ठ र ४५ वर्षीय उर्मिला श्रेष्ठ घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये ९ जना गम्भीर घाइते छन् । घाइतेलाई स्थानीय, प्रहरीचौकी च्यास्मीटार र इलाका प्रहरी कार्यालय हलेसीका टोलीले उद्धार गरेर उपचारका लागि उदयपुरको कटारी पठाइएको प्रहरीले जनाएको छ ।

# कोरोना नियन्त्रणका लागि सर्वदलीय संयन्त्र गठन

धनुषा, ११ वैशाख (रासस) । कोरोना महामारी नियन्त्रणका लागि सरकारले चालेको कदमलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले सर्वदलीय संयन्त्र गठन गरेको छ ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले जनकपुरधामस्थित शनिबार बिहान आफ्नै निवास परिसरमा सर्वदलीय बैठक आयोजना गरी सरकारले हालसम्म चालेको कदमबारे जानकारी गराउँदै थप सहयोग र सहकार्यका लागि सर्वदलीय संयन्त्र गठन गर्नुभएको हो ।

समाजिक विकासमन्त्री नवलकिशोर साहको अध्यक्षतामा गठित उक्त सर्वदलीय संयन्त्रमा नेकपा (एमाले) संसदीय दलका नेता शत्रुधन महतो, नेपाली कांग्रेस संसदीय दलका नेता रामसरोज यादव, नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता भरत साह र जसपाका सचेतक परमेश्वर साह, प्रदेशसभा सदस्य राम अशिष यादव रहनुभएको छ ।

त्यसैगरी बैठकले २५ जनाभन्दा बढी सहभागी हुने, सांस्कृतिक, धार्मिक, राजनीतिक गतिविधिलाई स्थानीय प्रशासनको सहयोगमा कडाइका साथ रोक्ने निर्णयसमेत गरेको छ ।

## कोरोना त्रासका ...

अहिले बाहिरी मुलुकको हस्तक्षेप बढेको र एनजिओ, आइएनजिओमार्फत हिन्दु धर्म संस्कृतीमाथी प्रहार भइरहेको आरोप लगाएका छन् । उनले हिन्दु धर्म संस्कार र संस्कृतीको रक्षाका लागि युवाहरुलाई सचेत र एक ढिक्का हुन आह्वान समेत गरे ।

आयोजक समितिका संघ चालक भोगेन्द्र झाले नयाँ भेरियन्टसहितको कोरोना भाइरस संक्रमणको जोखिमलाई मध्यनजर गरि स्थानिय प्रशासनले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्दै कार्यक्रमको आयोजना गरिएको दाबी गरे ।

कार्यक्रममा सहभागिलाई सेनिटाइज प्रयोगका साथै भौतिक दुरी तथा मास्कको प्रयोग अनिवार्य गरिएको थियो ।

कार्यक्रममा हिन्दु स्वमसेवक संघ नेपालका राष्ट्रिय कार्यवाह मुरली निरौला, विश्व हिन्दु परिषद् सत्सग विभागका सहसंयोजक जंगबहादुर सिंह, युवाप्रभारी अमितकुमार साहलगायतले हिन्दु धर्म र संस्कृतिको जगेर्नाका लागि सक्रिय भई काम गर्नेमा जोड दिए ।

कार्यक्रम सम्पन्न भएपछि पथसंचलन कार्यक्रम अन्तरगत नगर क्षेत्रमा मार्चपास नगर्न स्थानिय प्रशासनले आयोजकलाई आग्रह गरेको थियो । तर सोको वेवास्ता गर्दै नगर क्षेत्रमा मार्चपास गर्न लागेपछि प्रहरीले हस्तक्षेप गरि ११ जनालाई नियन्त्रणमा लिएको तथा केही बेरपछि नै रिहा गरेको विश्व हिन्दु परिषद् सत्सग विभागका सहसंयोजक जंगबहादुर सिंहले जानकारी दिए ।

## संक्रमितले ...

आइसोलेन शचया थपिन थालेको जानकारी दिनुभयो ।

शुक्रराज अस्पतालका प्रमुख कन्सल्टेन्ट डा अनुप बाँस्तोलाले सङ्क्रमण पहिलोभन्दा सङ्क्रामक रहेकाले अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कन आग्रह गर्नुभएको छ । उहाँले सङ्क्रमण यही गतिमा अघि बढे, बिरामीले उपचार नै नपाउने स्थिति आउनसक्ने भन्दै मानिसलाई घर बाहिर ननिस्कन अनुरोध गर्नुभएको छ । उहाँका अनुसार कोभिड-१९ को अहिलेको लहरमा सङ्क्रमित सिकिस्त हुने अनुपात पहिलो लहरको तुलनामा बढिरहेको छ ।

नेपालमा अहिले दुई लाख ९४ हजार ६०१ जना सङ्क्रमित, दुई लाख ७६ हजार ७५५ जना निको भएर घर फर्किएका र तीन हजार १२३ जनाको सङ्क्रमणको कारणले निधन भइसकेका छन् । यस्तै मुलुकभरि १३ हजार ५७८ होम आइसोलेशन र एक हजार १४६ जना संस्थागत आइसोलेशनमा रहेका छन् । सङ्क्रमितमध्ये १.१ प्रतिशतमा मृत्युदर र प्रति १० लाखमा १०७.८ जना मृत्यु हुने गरेको पाइएको छ । ५०० भन्दाबढी सङ्क्रमित भएका जिल्लामा काठमाडौं, ललितपुर, बाँके र रुपन्देही रहेका छन् ।

## धरहरा निर्माणले ...

जनतालाई आवश्यक सामग्री देशमै उत्पादन गर्ने गरी उत्पादक देशका रुपमा स्थापित गर्न लागिएको प्रधानमन्त्री ओलीले बताउनुभयो ।

आयोजक राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले सुन्धाराको ४२ रोपनी क्षेत्रफलमा भूकम्प एवं चारतल्ले मुद्रा सङ्ग्रहालय, २४सै घण्टा पानी खस्ने सुन्धारा, घुम्न आउने आगन्तुकका पार्किङस्थललगायत संरचना पनि निर्माण भइरहेको बताउनुभयो ।

काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले धरहराको बार्दलीबाट काठमाडौँ उपत्यका स्वच्छ र सफा देखिएको बताउनुभयो । रानीपोखरीको दोस्रो विस्तारको चरणमा पनि काम शुरु गर्न लागिएको जानकारी उहाँले गराउनुभयो । काष्ठमण्डपको पुनःनिर्माणसमेत सम्पन्न हुन लागेको महानगर प्रमुख शाक्यले सुनाउनुभयो ।

प्राधिकरणका सचिव मणिराम गेलालले सुन्धारा क्षेत्रमा धरहरा, भूकम्प एवं मुद्रा सङ्ग्रहालय, आकाशेपुल, पार्किङ, बगैँचालगायत संरचना निर्माणका लागि रु पाँच अर्ब ७६ करोड लागत अनुमान गरिएकामा रु तीन अर्ब ४८ करोडको लागतमा ठेक्का भई काम भइरहेको जानकारी गराउनुभयो ।

विसं २०७५ पुस १२ गते शिलान्यास भएको धरहरालगायत संरचना जिआइटिसी/रमण जेभी कन्स्ट्रक्सनले निर्माणको काम गरिरहेको जानकारी सो अवसरमा गराइएको थियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, नेपाल

सुचना सुचना सुचना

### विषय- शिलबन्दी कोटेसन सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति-२०७८/०१/१२

उपरोक्त सम्बन्धमा यस कार्यालयको लागि तपसिलमा उल्लेखित मालसामनहरु खरिद गर्नु पर्ने भएकाले यो शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । इच्छुक व्यक्ति,फर्म,संस्था वा कम्पनीले यो सुचना प्रकासित भएको मितिले १५ दिन (२०७८/०१/२६)भित्र फर्म नविकरण प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.ब आ.ब २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिका साथ राजश्व शिर्षक नं १४२२९ कार्यालय कोड नं ३१४९२१५०३ मा रु १००० राजश्व जम्मा गरिएको भौचर पेस गरि यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ । १६औ दिन (२०७७/१२/२७) गते दिनको १२ बजे भित्र शिलबन्दी फारम यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ र सोहि दिनको २ बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकासित गरिएको छ । साथै यस सुचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

तपसिल

| सुचना नं | सामाग्रीको नाम | संख्या | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १-२०७७/०७८ | Rubber Boat set | १थान | ४४०००/- | राष्ट्रिय बाणिज्य बौक लि सप्तरीमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीमा रहेको धरौटी खाता नं. २१८००१०२०३०००० मा जिल्ला प्रशासन कार्यालयको कोड नं ३१४९२१५०३ मा रु ४४०००/- (चैबालिस हजार) रकम जम्मा गरेको सक्कलै भौचर वा रु ४४०००/- (चैवालिस हजार) को ९० दिनको मान्य अवधि भएको बैक ग्यारेन्टी पेस गर्नु पर्नेछ । |
| | Paddle | ४ थान | | |
| | Foot Pump | १ थान | | |
| | Rescue Throw Bag | ४ थान | | |
| | Backboard long | १ थान | | |
| | Carabineer | ३ थान | | |
| | Figure 8 carabineer | २ थान | | |
| | Patrol Chain Saw | १ थान | | |
| | Static Rope | १ रोल | | |
| | Dynamic Room | १ रोल | | |
| | Fire Blanket | ४ थान | | |
| | Light Portable Pump | १ थान | | |
| | Aluminum Ladder(folding) | २ थान | | |
| | Fire Suitset (Helmet, Boot, Gloves, Jacket, Trouser, Glasses) | २ थान | | |

.....................................
फणिन्द्रमणि पोखरेल
(प्रमुख जिल्ला अधिकारी)

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np